राप्ती सोनारी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश

## लक्षितवर्ग अन्तरगतका कार्यक्रमहरु सञ्चालनका लागि सेवा प्रदायक संस्था तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०६)

राप्ती सोनारी गाउँपालिकाको चालू आ.व.२०७९/०८० का लागि स्वीकृत कार्यक्रम अन्तर्गत लक्षित वर्गको आयआर्जनमा सकारात्मक अवसर सृजना गराउने उद्धेश्यका साथ देहायका तालिम कार्यक्रमहरु सेवा खरिद मार्फत् सञ्चालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा आवद्ध ख्याती प्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका संस्था/कम्पनि वा गैरसरकारी संस्थाहरुलाई तोकिएको कार्यक्षेत्रगत शर्त (TOR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव विषय उल्लेख गरि (तल उल्लेखित बजेट रकमको थप १०% लागत सहभागिता सहित) एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नहुन आदेशानुसार सूचित गरिन्छ ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | विनियोजन | दस्तुर |
|---|---|---|---|
| १ | मधेशी र मुस्लिम महिलाहरुका लागि आय-आर्जन तालिम वडा नं. - ७ | ४,००,०००।- | १,०००।- |
| २ | बादी र दलित समूदायका लागि आय-आर्जन तालिम वडा नं. २, ३, ४ र ५ | ४,००,०००।- | |
| ३ | अपाङ्गता भएका नागरिक- विपन्न महिलाको लागि आय-आर्जन तालिम वडा नं. १ देखि ९ | ४,००,०००।- | |
| ४ | न्याय सम्बन्धि तालिम | ३,००,०००।- | |
| ५ | नागरिक सन्तुष्टी सर्वेक्षण कार्यक्रम (गा.पा., वडा कार्यालय १ देखि ९ र बैजापुर अस्पताल समेत) | २,००,०००।- | |
| ६ | मुक्त कम्लहरीहरुलाई आयआर्जन तालिम वडा १ देखि ९ | ४,००,०००।- | |

प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, **(२)** आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पाना नं. वा मु. अ. कर दर्ता प्रमाणपत्र, **(३)** आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदन **(४)** गाउंपालिकाको मौजुदा सूचीमा सूचिकृत प्रमाणपत्र, **(५)** आफ्नै कार्यालय भएको वा वहालमा भएको सो सम्बन्धि प्रमाणपत्र, **(६)** सँस्था कालोसूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वँयले स्वघोषणा गरि पत्र सँलग्न गरेको, **(७)** प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्तका आधारमा तयार गरेको हुनु पर्ने छ,

योजना शाखा प्रमुख
(अधिकृत छैटौं)

राप्ती सोनारी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश

(८) सँस्थाको विधानमा भएको उदेश्य र प्रस्तावित कार्यक्रम बीच तालमेल भएको हुनु पर्ने छ, **(९)** कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ, **(१०)** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०७९/०९/२० गते सम्म कार्यालय समय भित्र पेश गर्नु पर्ने छ । उक्त दिन विदा परेमा कार्यालय खोलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता पर्ने छ, **(११)** दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनिधि तथा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन **(१२)** प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त रु. १,०००।- हिमालयन बैकको राजश्व खाता ०५२०७५४०५१००११ मा जम्मा गरेको सक्कल भौचर पेश सहित यस कार्यालयबाट खरिद गरि लिन सकिने छ, **(१३)** प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.raptisonarimun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

## राप्ती सोनारी गाँउपालिका
# गाउ कार्यपालिकाको कार्यालय
अगैया, बाके

लुम्बिनी प्रदेश

**राप्तीसोनारी गाँउपालिकाको चालु आव २०७९/०८० का लागि स्वीकृत विभिन्न आय आर्जन कार्यक्रमहरु तालिम प्रदायक सँस्था तथा गैर सरकारी सँघ सँस्थाहरु मार्फत सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरुका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त** (ToR)

१. कार्यक्षेत्र : - राप्ती सोनारी गाउँपालिका (वडा नं. १ देखि ९ सम्म)।

**२. कार्यक्रमको नाम, संचालन गर्ने विधिः-** प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई सम्बन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसंगको विभिन्न विधिबाट नमूना संकलन, बहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र गाउँपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ ।

**३. प्रस्ताव तयार गर्दा देहायका विषयमा समेत ध्यान दिनुपर्नेछ :-**

(१) संस्थाको अत्यन्त छोटो परिचय (२) संस्थागत अनुभव र क्षमता (३) मूख्य–मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव (४) कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता (५) कार्यालय भवन तथा भौतिक सामाग्री (६) व्यवस्थापकिय क्षमता ।

**४. संस्थाको साझेदारी :-** गाउँपालिकाबाट सम्बन्धित शिर्षकमा विनियोजित बजेट रकमको १०% लागत सहभागिता अनिवार्य गर्नुपर्ने ।

**५. कार्य योजनाः-** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना ।

**६. अनुगमन तथा मूल्याङ्कन विधीः-** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने ।

**७. प्रतिवेदनः-** कार्यक्रमको प्रतिवेदन पेश गर्दा कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न गरेको कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने बारेमा संस्थाको धारण उल्लेख गरिएको हुनुपर्नेछ ।

८. प्रारम्भिक आशय छनौट

- सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् । उक्त शर्त पुरा गरे वापत कुनै अंक पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन् ।

राप्ती सोनारी गाँउपालिका

# गाउ कार्यपालिकाको कार्यालय

अगैया, बाके

लुम्बिनी प्रदेश

**९. प्राविधिक तथा आर्थिक प्रस्तावः** प्राविधिक तथा आर्थिक प्रस्ताव अलग–अलग नगरि एकै साथ पेश गर्नुपर्नेछ । प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ । कार्यक्रमको विस्तृत लागत अनुमानमा सहभागीहरुलाई भत्ता दिने गरि पेश गरिएको आर्थिक प्रस्ताव स्वीकार्य हुनेछैन ।

**१०.. प्रस्ताव मूल्यांकन गर्ने तरिका :-**

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ६० र आर्थिक प्रस्तावको अंक ४० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

**११. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरुः-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः-** छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।

**नोटः-** सूचनामा प्रस्तुत शिर्षक अन्तर्गत रहि प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित सहितको सहीछाप गरी पेश गर्नु पर्नेछ ।